apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: ३०३ ● पृष्ठ: ४ ● ०१ मंसिर २०८३ मंगलबार (17 November 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

मिथिलामा छठपछि 'सनेस' पठाउने चटारो

छोरीचेली, दिदीबहिनी र इष्टमित्रलाई ठकुवा, भुसुवालगायतका परिकार कोसेली पठाउने परम्परा

शुभ नारायण कामती
सिरहा, कार्तिक ३० गते



छठ पर्व सम्पन्न भएसँगै मिथिलाका गाउँघरमा अहिले 'सनेस' (कोसेली) पठाउने चटारो सुरु भएको छ । छोरीचेली, दिदीबहिनी, मितमितिनी तथा इष्टमित्रलाई छठका विशेष परिकार कोसेलीका रूपमा पठाउने परम्पराअनुसार मैथिल गृहिणीहरू ठकुवा, भुसुवालगायतका परिकार बनाउन व्यस्त भएका छन् ।

दसैँ र तिहारलगत्तै छठ पर्वको तयारीमा जुटेका गृहिणीलाई अहिले घरायसी कामसँगै 'सनेस' तयार पारेर आफन्तकहाँ पुऱ्याउने जिम्मेवारी थपिएको छ । खेतीपातीको काम, धान भित्र्याउने र हिउँदे बाली लगाउने चटारोका बीच पनि उनीहरू परम्परा धान्न व्यस्त छन् ।

"धान थन्क्याइसकिएको छैन, हिउँदे बाली लगाउने चटारो पनि छँदैछ । तर अहिले यी सबै काम थाती राखेर छठको 'सनेस' तयार पार्नुपरेको छ", सिरहा नगरपालिका-१२ सारस्वरकी शान्तिदेवी मण्डलले भनिन्, "फुपूको घरमा त पठाइसकेँ, अब छोरीहरू र मितकहाँ पठाउन बाँकी छ ।"

मिथिलामा छठ र तिला सङ्क्रान्ति (माघे सङ्क्रान्ति) पछि 'सनेस' पठाउने परम्परा विशेष रूपमा प्रचलित छ । छठपछि पठाइने कोसेलीमा ठकुवा, भुसुवा, पिरुकिया, खाजा तथा केरा प्रमुख रूपमा समावेश गरिन्छन् । ठकुवा गहुँको पिठो, सख्खर र घिउबाट बनाइने परम्परागत मिष्ठान्न हो भने भुसुवा र पिरुकिया पनि मिथिलाका लोकप्रिय परिकार हुन् ।

छठ पर्व नमनाउने परिवारमा पर्व सकिएलगत्तै र अन्य आफन्तकहाँ एक-दुई साताभित्र सनेस पुऱ्याउने चलन छ । यसरी पठाइने कोसेलीमा छठका अवसरमा सूर्यदेवलाई अर्घ्य दिँदा चढाइएका प्रसादसमेत समावेश गर्ने परम्परा रहेको छ । परिकार तयार पार्ने काम प्रायः महिलाले गर्ने भए पनि कोसेली पुऱ्याउन भने बाबु, काका तथा दाजुभाइ जाने गर्छन् ।

मिथिलाको यो परम्परा कोसेली आदानप्रदानमा मात्र सीमित नभई पारिवारिक सम्बन्ध नवीकरण र आत्मीयता बढाउने माध्यमसमेत बनेको छ ।

"यो परम्परा कोसेली पठाउने

बाँकी पृष्ठ ४ ▸▸

२५ घण्टा भारतमा बस्दा के के गर्छन् प्रधानमन्त्री बालेनले ?

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ३० गते



प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा दिल्ली बसाई करिब २५ घण्टा मात्रै रहने भएको छ ।

मंसिर ६ गते भारत प्रस्थान गर्ने प्रधानमन्त्री शाह भोलिपल्ट मंसिर ७ गते स्वदेश फर्कने गरी भ्रमण तालिका तय भएको सरकारी स्रोतले जनाएको छ । छोटो समयको भ्रमण भए पनि नेपाल-भारत सम्बन्धका आर्थिक, पूर्वाधार, ऊर्जा, हवाई सेवा र व्यापारसँग सम्बन्धित विषयलाई प्रधानमन्त्रीले प्राथमिकतामा राख्ने तयारी छ ।

प्रधानमन्त्री शाह मंसिर ६ गते दिउँसो १:२५ बजे नेपाल वायुसेवा निगमको नियमित उडानबाट काठमाडौं हुँदै दिल्ली प्रस्थान गर्ने छन् । नेपाली समयअनुसार दिउँसो करिब ३ बजे दिल्ली पुग्ने उनको कार्यक्रम छ । मंसिर ७ गते अपराह्न ४:२० बजे नेपाल वायुसेवा निगमकै नियमित उडानबाट उनी स्वदेश फर्कनेछन् । यसअनुसार दिल्लीमा उनको बसाइ करिब २५ घण्टा २० मिनेटको हुनेछ ।

यद्यपि भ्रमणको औपचारिक घोषणा र विस्तृत कार्यतालिका सार्वजनिक हुन बाँकी छ । भ्रमणको तयारी तथा आवश्यक समन्वयका लागि पर्यटनमन्त्री गनेश पौडेल मंगलबार दिल्ली जाने कार्यक्रम रहेको स्रोतले जनाएको छ । उनको भ्रमणपछि प्रधानमन्त्रीको कार्यक्रम र भेटघाटको समयतालिका थप स्पष्ट हुने अपेक्षा गरिएको छ । सरकारी स्रोतका अनुसार भ्रमण तालिकामा केही हेरफेर हुन सक्ने सम्भावना पनि छ ।

यसअघि प्रधानमन्त्रीको भारत भ्रमण तीन दिनसम्म हुने चर्चा चलेको थियो । तर पछिल्लो तयारीअनुसार

बाँकी पृष्ठ २ ▸▸

स्थानीय तहको निर्वाचनबारे छलफल गर्न आयोगले दलहरूलाई बोलायो

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ३० गते



स्थानीय तहको चुनावको मिति बारे छलफल गर्न निर्वाचन आयोगले दलहरूलाई बोलाएको छ ।

राष्ट्रिय दलको मान्यता प्राप्त गरेका दलहरूलाई छलफलका लागि मंसिर ४ गतेका लागि डाकिएको निर्वाचन आयोगका आयुक्त गुरुप्रसाद वाग्लेले जानकारी दिए । प्रतिनिधि सभामा ६ दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन् ।

प्रतिनिधि सभामा रास्वपा, नेपाली कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति र राप्रपा राष्ट्रिय दल छन् । प्रतिनिधि सभामा राष्ट्रिय दलको मान्यता नपाएका जसपा नेपाल र राष्ट्रिय जनमोर्चा पनि राष्ट्रिय दल हुन् ।

स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल आगामी बैशाखमा सकिँदैछ । निर्वाचन आयोगले मंसिर ४ गते स्थानीय तहको निर्वाचनको मितिबारे छलफल गर्न दलहरूलाई डाकेको नेपाली कांग्रेसका सभापति गगन थापाले पनि जानकारी गराएका छन् ।

छठ पर्व मनाउन सर्लाही पुगेका थापा स्थानीय नेता कार्यकर्तासँग निर्वाचन आयोगले आमन्त्रण गरेको जानकारी गराएका हुन् ।

विकासका लागि साझा संवाद गरौं: सभामुख अर्याल



अपन दैनिक संवाददाता
महोत्तरी, कार्तिक ३० गते

सभामुख डोलप्रसाद अर्यालले नेपालीको जीवनस्तर सुधार र भौतिक पूर्वाधार विकासविना समृद्धि नहुने भन्दै यसका लागि सबैको साझा प्रयत्न, सहकार्य र संवाद जरुरी रहेको बताएका छन् ।

छठ पर्वका लागि मधेश आएका उनले सोमबार दिउँसो बर्दिवासमा स्थानीय बासिन्दासँगको भेटघाटलाई सम्बोधन गर्दै मधेशमा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा परिणाममुखी कामको आवश्यकता रहेकामा जोड दिए ।

'हामीले मधेशको शिक्षा, स्वास्थ्य र कृषिमा विशेष जोड दिएर काम गर्नुपर्ने छ', सभामुख अर्यालले भने, 'विकासका यी मुद्दामा सबै पक्षबीच आपसी संवाद बढाएर परिणाम देखिने काम हुनुपर्छ ।'

कृषिसँग सम्बन्धित उद्योगधन्दा विकास गर्नसके रोजगारीका अवसर बढ्न सक्ने र यसले विदेश पलायनको क्रम रोक्न मद्दत पुग्ने उनले बताए ।

मधेशमा यसपालि छठ पर्व मनाउन आउँदा यहाँको सांस्कृतिक सद्भाव, आपसी हेलमेल र सहिष्णुताले मन प्रफुल्ल बनाएको सभामुख अर्यालको भनाइ छ । चाडवाडमा देखिएको यो सद्भाव विकासमा मुखरित गर्नसके हामीले चाहेको समृद्धि हात पर्ने उनले स्पष्ट गरे ।

'राजनीतिमा स्वस्थ्य प्रतिस्पर्धा हुनपर्छ, राजनीति सुशासन र विकासप्रति समर्पित हुन आवश्यक

बाँकी पृष्ठ ४ ▸▸

मधेश प्रदेशमा अब तीन दलको सरकार गठन तयारी, मुख्यमन्त्री को ?

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ३० गते



छठ पर्वको समापनसँगै मधेश प्रदेशमा नयाँ सरकार गठनका निम्ति राजनीतिक दलहरू सक्रिय भएका छन् । नयाँ सरकार बनाउन आवश्यक राजनीतिक समीकरण मिलाउन दलहरूबीच संवाद र परामर्श तीव्र बनेको हो ।

नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को समर्थनमा जनता समाजवादी पार्टी (जसपा) नेपालको नेतृत्वमा सरकार गठन गर्ने विषयमा नेताहरूबीच छलफल अघि बढाइएको छ ।

प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवले शनिबार (कार्तिक २८) पदबाट राजीनामा दिएका थिए । एमाले र नेकपाले समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको थियो । आवश्यक बहुमत जुटाउन नसक्ने अवस्था बनेपछि यादवले विश्वासको मत लिने प्रक्रियामा प्रवेश गर्नुअघि नै पद त्यागेका हुन् ।

मुख्यमन्त्रीको राजीनामासँगै नयाँ सरकार गठनको संवैधानिक प्रक्रिया अघि बढाइएको छ । नेकपाका नेता भरतकुमार साहले जसपा नेपालकै नेतृत्वमा सरकार गठन गर्ने तयारी भइरहेको बताए ।

"(मुख्यमन्त्रीमा) सरोज यादवजीकै सम्भावना बढी छ । अन्यको पनि दाबी छ, तर संसदीय दलको नेता नै प्रायः मुख्यमन्त्री बन्ने परिपाटी रहेकाले उहाँकै सम्भावना बढी छ । जितेन्द्र सोनार र लालबाबु राउतको पनि दाबी छ," उनले अपन दैनिकसित भने ।

बाँकी पृष्ठ ३ ▸▸

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:
● शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
● निर्णय प्रक्रियामा सहभागी गराऔं,
● सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

मधेश मोहमा नेताहरू र महापर्व छठ

आठ जिल्लाको मधेश प्रदेशमा १ सय ३६ स्थानीय तह रहेको छ। १ सय ३६ वटै स्थानीय तहले खबौं रुपैयाको बजेट वार्षिक रुपमा परिचालन गर्दै आईरहेको छ। २०७९ पछि तेस्रो पटक लगातार स्थानीय तहको आवधिक चुनावको समय नजिकिएको छ। चुनाव नजिकिएपछी त्यसको प्रभाव त्यस अगावैदेखि नै हुन्छ। त्यही भएर मधेश प्रदेशमा चुनावी चर्चादेखी स्थानीय तहका उम्मेदवार बन्ने र स्वघोषणा समाजिक संजालवाट गर्ने एक प्रकारले ट्रेण्ड नै चलेको छ। यस्तै माहोलका विचमा मधेशमा महापर्व छठको रौनकताले झनै गहिरो महत्व थपिदियो। त्यही भएर महापर्व छठको अवसर पारेर विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूको मधेश केन्द्रित भ्रमण गर्न पुगे। जसले यस क्षेत्रको राजनीतिक माहोललाई थप तरंगित बनाएको छ। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र नेपाली कांग्रेसका सभापति गगन थापले मधेशका विभिन्न जिल्लामा पुगेर छठ पर्वमा सहभागिता जनाए। नेताहरूको यो उपस्थितिलाई धार्मिक आस्था र मधेशको सांस्कृतिक परम्पराप्रतिको सम्मानका रूपमा लिन सकिन्छ। त्यससँगै यसलाई धार्मिक सहभागितामा सीमित गरेर मात्र हेर्न मिल्दैन्। यसको राजनीतिक सन्देश र आगामी स्थानीय तह निर्वाचनसँग जोडिएको रणनीतिक महत्त्वको रुपमा हेर्न उत्तिकै जरुरी छ।

छठ महापर्व मधेशको एउटा प्रमुख धार्मिक पर्व मात्र होइन, यहाँको सामाजिक, सांस्कृतिक र सामुदायिक पहिचानसँग जोडिएको महापर्व हो। जात, वर्ग, भाषा र राजनीतिक आस्थाभन्दा माथि उठेर मनाइने यस पर्वमा जनताको ठूलो सहभागिता हुन्छ। गाउँदेखि सहरसम्मका पोखरी, नदी, तलाउ र जलाशयका घाटमा हजारौँ मानिस एकै ठाउँमा भेला हुन्छन्। यस्तो अवसरमा राजनीतिक दलका शीर्ष नेताहरूको उपस्थिति हुनु जनतासँग प्रत्यक्ष संवाद गर्ने र आफ्नो राजनीतिक उपस्थिति स्थापित गर्ने सहज माध्यम पनि हो। पछिल्लो समय मधेशको राजनीतिमा नयाँ राजनीतिक शक्ति र पुराना दलबीच प्रभाव विस्तारको प्रतिस्पर्धा बढ्दै गएको छ। विगतमा मधेशलाई आफ्नो बलियो राजनीतिक आधार मान्दै आएका दलहरूका लागि जनमत जोगाउनु चुनौतीपूर्ण बन्दै गएको छ। अर्कोतर्फ, नयाँ राजनीतिक दलहरू मधेशमा आफ्नो संगठन विस्तार गर्दै जनताको विश्वास जित्ने प्रयासमा छन्। यही परिवेशमा छठ महापर्वलाई केन्द्र बनाएर शीर्ष नेताहरूको मधेश आगमनलाई चुनावी जनसम्पर्कको प्रारम्भिक अभ्यासका रूपमा पनि बुझ्न सकिन्छ। आगामी स्थानीय तह निर्वाचनलाई लक्षित गरेर राजनीतिक दलहरूले अहिलेबाटै आफ्नो आधार क्षेत्र पहिचान गर्ने, सम्भावित उम्मेदवारको अवस्था बुझ्ने, स्थानीय नेतृत्वसँग सम्बन्ध विस्तार गर्ने र जनताको मनोविज्ञान बुझ्ने प्रयास गर्न सक्छन्। स्थानीय तह निर्वाचनमा राष्ट्रिय राजनीतिका मुद्दासँगै स्थानीय विकास, सेवा प्रवाह, सुशासन र उम्मेदवारको व्यक्तिगत छवि निर्णायक हुने गर्छ। त्यसैले मधेशका गाउँ-नगरमा शीर्ष नेताहरूको उपस्थिति दलहरूका लागि राजनीतिक वातावरण बुझ्ने अवसर पनि हो।

मधेशका जनताले धार्मिक तथा सांस्कृतिक सम्मानसँगै शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, सडक, खानेपानी र प्रभावकारी सार्वजनिक सेवाको अपेक्षा गरेका छन्। वर्षौंदेखि उठ्दै आएका नागरिकता, संघीयता कार्यान्वयन, समावेशिता र प्रदेशको अधिकारसम्बन्धी सवाल पनि अझै राजनीतिक जवाफदेहिताको विषय बनेका छन्। मधेशका स्थानीय तहमा भ्रष्टाचार, अनियमितता, विकास निर्माणमा ढिलासुस्ती, कमजोर सेवा प्रवाह र जनप्रतिनिधिको जवाफदेहितासम्बन्धीको विषय पनि छ। यस्तो अवस्थामा राष्ट्रिय राजनीतिक दलका शीर्ष नेताहरूले मधेश भ्रमणका क्रममा स्थानीय समस्याबारे कति चासो देखाउँछन् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। छठ घाटमा पुगेर जनतासँग हात मिलाउनु र तस्बिर खिचाउनु मात्र जनसम्पर्क होइन्। जनताको समस्या सुन्नु, समाधानको प्रतिबद्धता जनाउनु र त्यसको कार्यान्वयनका लागि पहल गर्नु वास्तविक राजनीतिक जिम्मेवारी हो। आगामी स्थानीय तह निर्वाचनमा मधेशका मतदाताले पनि पुरानै राजनीतिक समीकरणलाई निरन्तरता दिन्छन् भन्ने निश्चित छैन्। स्थानीय नेतृत्वको कार्यसम्पादन, उम्मेदवारको विश्वसनीयता, दलको संगठनात्मक अवस्था र जनतासँगको सम्बन्धले निर्वाचनको परिणाम निर्धारण गर्नेछ। यसैले छठ पर्वमा नेताहरूको मधेश आगमनलाई राजनीतिक दलहरूले अवसरका रूपमा मात्र लिनु हुँदैन्। पर्वका बेला देखिएको उत्साह र जनतासँगको निकटतालाई वर्षभरि कायम राख्न सक्ने गरि सार्थक प्रयास गर्नुपर्छ। चुनाव नजिकिँदा मात्र मधेश सम्झने र निर्वाचन सकिएपछि पुनः बेवास्ता गर्ने प्रवृत्तिको अन्त हुनु पर्छ। छठको घाटमा नेताहरूको उपस्थिति अर्घ्य अर्पण गरेको दृश्यबाट होइन। मधेशका नागरिकका पक्षमा गर्ने कामबाट हुने हो। मधेशलाई चुनावी अंकगणितको भूमि मात्र होइन, अधिकार, विकास र सुशासनको अपेक्षा बोकेको नागरिक समाजका रूपमा बुझ्न सक्ने दलले मात्र यहाँ दीर्घकालीन राजनीतिक आधार निर्माण गर्न सक्नेछ। यसैले नेताहरूले पर्वको अवसरमा मधेशमा सहभागीता देखाउने कुरालाई सिस्टम सुधार र मधेशको समृद्धिको पक्षमा पाइला चाल्ने कुरामा हुन पर्छ।

स्थानीय तहको निर्वाचन गैरदलीय हुनुपर्छः कुलमान घिसिङ

अपन दैनिक संवाददाता
सप्तरी, कार्तिक ३० गते



उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले स्थानीय तहको निर्वाचन गैरदलीय हुनुपर्ने बताएका छन्।

सोमबार सप्तरीको सुरुङ्गा नगरपालिका-७ बसानपट्टीमा आयोजित कार्यक्रममा बोल्दै घिसिङले घिसिङले सरकारलाई दलीय स्वार्थभन्दा माथि राखेर जनसेवा, सुशासन र विकासको प्रभावकारी माध्यम बनाउनुपर्ने बताएका हुन्।

आफ्नो पार्टीले स्थानीय तहको निर्वाचन गैरदलीय बनाउन तथा विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न निर्वाचन आयोगमा यसअघि नै ज्ञापनपत्र बुझाइसकेको उनको भनाइ छ।

'निर्वाचनका बेला स्थानीय तहको निर्वाचन गैरदलीय गर्ने र विदेशमा रहेका नेपाली युवालाई मतदानको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाउँदै जनतासँग मत माग्ने राजनीतिक शक्तिहरू आज झन्डै दुई तिहाइको बहुमतसहित सरकारमा रहँदा पनि यी विषयमा ठोस पहल गर्न नसक्नु दुःखद विषय हो,' उनले भने।

दलीय प्रतिस्पर्धाका कारण स्थानीय मुद्दा ओझेलमा पर्ने, राजनीतिक ध्रुवीकरण बढ्ने तथा निर्वाचनमा खर्च र आर्थिक चलखेल बढ्ने गरेको घिसिङको भनाइ छ।

२५ घण्टा भारतमा बस्दा के के गर्छन् प्रधानमन्त्री .....

भ्रमण दुई दिनमा सीमित हुने भएको छ। प्रधानमन्त्री शाहले नयाँ सरकार गठन भएपछि एक वर्षसम्म विदेश भ्रमण नगर्ने बताएका थिए । तर गत सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन न्युयोर्क पुगेका उनी महासभालाई सम्बोधन गरेलगत्तै स्वदेश फर्किएका थिए । भारत भ्रमण पनि छोटो समयमै सम्पन्न गर्ने गरी तयारी भएको देखिन्छ।

तर सार्वजनिक भएका पछिल्ला विवरणले भ्रमण दुई दिनको मात्रै नभई चार दिनको हुने संकेत गरेका छन्। नोभेम्बर १६ अर्थात् कार्तिक ३० मा प्रकाशित विवरणअनुसार प्रधानमन्त्री शाह मंसिर ६ देखि ९ गतेसम्म भारतमा रहने तयारी छ। नोभेम्बर २३ अर्थात् मंसिर ७ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता हुने कार्यक्रम छ। दुवै देशका सरकारले भने अन्तिम भ्रमण तालिका औपचारिक रूपमा सार्वजनिक गरिसकेका छैनन्।

प्रधानमन्त्री शाहको भ्रमणमा सबैभन्दा महत्त्वपूर्ण विषय भारतसँग आर्थिक सहयोग जुटाउनु हुनेछ। नेपालले बाढीपहिरोबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, पूर्वाधार विकास र आर्थिक पुनरुत्थानका लागि भारतसँग दुई अर्ब अमेरिकी डलर बराबरको सहयोग प्रस्ताव गरेको छ। प्रस्तावित सहयोगमध्ये एक अर्ब डलर सहुलियतपूर्ण ऋण र पाँच सय मिलियन डलर अनुदान माग गरिएको छ। त्यस्तै, भोटेकोशी-रसुवा क्षेत्रमा आएको बाढीपछि पुनर्निर्माण तथा पुनःस्थापनाका लागि थप पाँच सय मिलियन डलर प्रस्ताव गरिएको छ। भारतीय पक्षले नेपालको प्रस्तावमाथि सकारात्मक रूपमा विचार गर्ने संकेत दिए पनि सहयोगको अन्तिम रकम र सर्त टुंगिन बाँकी छ।

हवाई सम्पर्क विस्तार पनि भ्रमणको प्रमुख एजेन्डा हुनेछ। भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई प्रभावकारी रूपमा सञ्चालन गर्न नेपालले भारतसँग थप हवाई प्रवेश मार्ग उपलब्ध गराउन माग गर्दै आएको छ। सन् २०१४ देखि उठाउँदै आएको यो विषयमा भारतीय पक्ष सकारात्मक देखिएको बताइएको छ। नेपालगन्ज र महेन्द्रनगरबाट हवाई प्रवेश मार्ग उपलब्ध गराउने तथा भैरहवा विमानस्थलका लागि अन्तर्राष्ट्रिय उडानको सहज पहुँच सुनिश्चित गर्ने विषयमा छलफल भइरहेको छ।

यसैबीच, भारतले पनि आफ्नो भूभागका बागडोग्रा र रक्सौलतर्फका अन्तर्राष्ट्रिय उडानका लागि नेपाली हवाई क्षेत्र प्रयोग गर्न चाहेको विषय उठाएको छ। यसबारे दुवै देशका नागरिक उड्डयन अधिकारीबीच प्रारम्भिक छलफल भइरहेको छ। नेपालले बागडोग्रासम्बन्धी प्रस्तावमा छलफल गर्न सकिने बताए पनि रक्सौलसम्बन्धी प्रस्तावबारे थप अध्ययन गर्न समय मागेको छ। पर्यटन तथा नागरिक उड्डयनमन्त्री गनेश पौडेलको भारत भ्रमणलाई पनि यही विषयको थप प्राविधिक छलफलसँग जोडेर हेरिएको छ।

ऊर्जा तथा जलस्रोत सहकार्यमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना प्रमुख मुद्दाका रूपमा रहनेछ । महाकाली सन्धि भएको तीन दशक पुग्न लाग्दा पनि निर्माण अघि बढ्न नसकेको यो आयोजना कार्यान्वयनका लागि नेपालले भारतसँग राजनीतिक तथा प्राविधिक सहमति खोजिरहेको छ। आयोजनाको लागत बाँडफाँट र पानीबाट प्राप्त हुने लाभको बाँडफाँटमा दुई देशबीच मतभेद रहँदै आएको छ । पछिल्लो छलफलमा निर्माण लागत बाँडफाँटको विषयमा केही प्रगति भए पनि जलस्रोतबाट प्राप्त हुने लाभको बाँडफाँट अझै टुंगिएको छैन। त्यसैले प्रधानमन्त्रीको भ्रमणमा यसलाई कार्यान्वयनतर्फ लैजाने विषयमा छलफल हुने अपेक्षा गरिएको छ।

नेपालले भारतसँग विद्युत् व्यापार विस्तार र प्रसारण पूर्वाधार निर्माणका विषय पनि उठाउने तयारी गरेको छ । माथिल्लो तामाकोशीलगायत चिनियाँ ठेक्केदार संलग्न परियोजनाबाट उत्पादित विद्युत् भारतले खरिद गर्नुपर्ने नेपालको प्रस्ताव छ। त्यस्तै, भारत हुँदै बंगलादेशमा भइरहेको विद्युत् निर्यातको परिमाण बढाउन र त्यसका लागि आवश्यक प्रसारण लाइनको क्षमता विस्तार गर्न सहजीकरण गर्न नेपालले आग्रह गर्नेछ । रोकिएका अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई अघि बढाउने र नयाँ प्रसारण संरचना निर्माण गर्ने विषय पनि छलफलमा समेटिनेछन्।

पूर्वाधार तथा यातायात सम्पर्क विस्तारका विषयमा पनि भ्रमणका क्रममा महत्त्वपूर्ण समझदारी हुने अपेक्षा छ। रक्सौल-काठमाडौं रेलमार्ग निर्माण, अयोध्या-जनकपुर रेल सेवा सञ्चालन, सीमा क्षेत्रमा एकीकृत जाँच चौकी निर्माण तथा सडक र पुल पूर्वाधार विस्तार यसका प्रमुख विषय हुन्। अयोध्या-जनकपुर साप्ताहिक रेल सेवाको उद्घाटन पनि प्रधानमन्त्री शाहको भ्रमणसँग जोडिएको छ । भारतीय रेल मन्त्रालयले जनकपुरधाम र अयोध्याबीच साप्ताहिक रेल सेवा सञ्चालनका लागि स्वीकृति दिइसकेको छ। मंसिर ७ गते प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री मोदीले संयुक्त रूपमा भर्चुअल माध्यमबाट रेल सेवाको उद्घाटन गर्ने तयारी रहेको छ।

त्यस्तै, भारतको सहयोगमा निर्माण भएका तथा निर्माण हुन लागेका केही पूर्वाधार आयोजनाको उद्घाटन र शिलान्यास पनि भ्रमणका सम्भावित कार्यक्रम छन्। काभ्रेको पनौतीस्थित नेपाल प्रहरी प्रतिष्ठान, दार्चुलाको पुल, भैरहवाको एकीकृत जाँच चौकी र महाकाली नदीमाथिको मोटरेबल पुल उद्घाटन गर्ने तयारी छ । दोधारा-चाँदनीमा एकीकृत जाँच चौकी, तल्लो अरुण जलविद्युत् आयोजना र भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन निर्माणको संयुक्त शुभारम्भ गर्ने विषय पनि कार्यसूचीमा रहेको छ।

नेपालले महाकाली तेस्रो सिँचाइ आयोजनाका लागि भारतबाट १० क्युमेक पानी उपलब्ध गराउनुपर्ने विषय पनि उठाउँदै आएको छ । यसका साथै व्यापार तथा पारवहन सन्धिमा सुधार, सीमा व्यापार सहजीकरण, महेन्द्रनगरमा सुक्खा बन्दरगाह निर्माण र डिजिटल सम्पर्क विस्तारका विषय पनि दुई देशबीचको छलफलमा पर्न सक्नेछन्।

सीमा विवादको विषय पनि नेपालका लागि महत्त्वपूर्ण छ । कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्तालगायत क्षेत्रमा देखिएको सीमा समस्यालाई द्विपक्षीय छलफलमा समेटन नेपालले चाहेको छ । तर भारतीय विदेश सचिव विक्रम मिस्रीको पछिल्लो नेपाल भ्रमणका क्रममा सीमा विवादले प्राथमिकता नपाएको र प्रधानमन्त्रीको भ्रमणको औपचारिक कार्यसूचीमा यो विषय समावेश हुने निश्चित भइसकेको बताइएको छ।

प्रधानमन्त्री शाहसँग भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ, पर्यटन तथा नागरिक उड्डयनमन्त्री गनेश पौडेललगायत मन्त्रीहरू भ्रमण टोलीमा रहने तयारी छ। यसअघि भारतीय विदेश सचिव विक्रम मिस्रीले काठमाडौं भ्रमण गरी प्रधानमन्त्री शाह, परराष्ट्रमन्त्री शिशिर खनाल, परराष्ट्र सचिव अमृतबहादुर राय तथा अन्य सरकारी अधिकारीसँग भेटवार्ता गरेका थिए। ती भेटवार्तामा व्यापार, विकास साझेदारी, ऊर्जा, जलविद्युत्, पूर्वाधार र दुई देशबीचको सम्पर्क सञ्जाल विस्तारका विषयमा छलफल भएको थियो।

प्रधानमन्त्रीका रूपमा शाहको यो पहिलो औपचारिक द्विपक्षीय भारत भ्रमण हुनेछ। यसअघि उनले नयाँ सरकार गठनपछि एक वर्षसम्म विदेश भ्रमण नगर्ने बताएका थिए। तर गत सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन न्युयोर्क पुगेका उनी सम्बोधनलगत्तै स्वदेश फर्किएका थिए। भारत भ्रमण भने दुई देशबीच लामो समयदेखि छलफलमा रहेका विषयलाई सहमति र कार्यान्वयनको चरणमा पुऱ्याउने अवसरका रूपमा हेरिएको छ।

आजको राशिफल

मेष : दिन राम्रो छ। व्यापारमा गरेको प्रयास सफल बन्नेछ। शिक्षाको क्षेत्रमा गरेको मिहिनेतको नतिजा राम्रो प्राप्त हुनेछ।

बृष : सानो कुरा भए पनि दान गरेर दिनको सुरुवात गरेमा काम बन्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ।

मिथुन : बन्धुसँगको कारोबारबाट फाइदा हुनेछ। स्वास्थ्यमा सुधार हुनेछ। शिक्षाको क्षेत्रमा ढिलासुस्ती हुनेछ।

कर्कट : दिन सहज छ। आज गरेका काम दीर्घकालसम्म रहने छन्। काम गर्दा सचेत बन्नुपर्ने आवश्यकता देखिन्छ।

सिंह : स्वास्थ्यमा सुधार हुनेछ। अचानक नराम्रो शब्द सार्वजनिक हुने भएकाले थौरै बोलेर अगाडि बढ्नुपर्नेछ।

कन्या : दिन राम्रो छ। दैनिक काम सहजै बन्नेछन्। सानो कुराले मनमा खटपटी भए पनि गुरुसँगको भेटले मन शान्त बन्नेछ।

तुला : साना कुरामा अल्झिनुभन्दा महत्त्वपूर्ण कामलाई अगाडि बढाउँदा फाइदा हुनेछ। परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ।

वृश्चिक : दाजुभाइसँगको सहकार्यले उन्नति हुनेछ। रोगले सताउने जोखिम छ। परिवारमा कर्तव्य पूरा गरेर अगाडि बढ्नुपर्ने दिन छ।

धनु : दिन राम्रो छ। धन आर्जन गर्ने समय आएको छ। सरकारी काममा भन्दा निजी तरिकाले अगाडि बढ्नु राम्रो हुनेछ।

मकर : सहकर्मीले भन्दा बाहिरका साथीले तपाईंको प्रशंसा गर्नेछन्। धार्मिक व्यक्तिसँगको भेटले मन शान्त बन्नेछ।

कुम्भ : खर्च बढ्ने छ। धार्मिक अभियन्तासँगको परामर्श फलदायी हुनेछ। साथीभाइको भने साथ र सहयोग मिल्ने योग छ।

मीन : सोचेको काम बन्नेछ। स्वास्थ्यमा समस्या हुने जोखिम छ। प्राविधिक शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

एमालेको राष्ट्रिय भेलाको मुख्य उद्देश्य स्थानीय तह निर्वाचनको तयारी: महासचिव शंकर पोखरेल

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक ३० गते



नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले पार्टीलाई पुनः जनतामाझ स्थापित गर्दै वैचारिक, राजनीतिक र सैद्धान्तिक रूपमा एकताबद्ध बनाउनु राष्ट्रिय भेलाको मुख्य उद्देश्य रहेको बताउनुभएको छ।

मंसिर २ र ३ गते आयोजना हुने पार्टीको राष्ट्रिय भेलाका सन्दर्भमा सोमबार आयोजित पत्रकार सम्मेलनमा महासचिव पोखरेलले राष्ट्रिय भेलाले पार्टीलाई एउटै राजनीतिक लयमा अघि बढाउन सहयोग गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "यसको उद्देश्य पार्टीलाई पुनः जनताको बीचमा स्थापित गर्ने र पार्टीलाई वैचारिक, राजनीतिक तथा सैद्धान्तिक रूपमा एक बनाउने हो, पार्टीको राष्ट्रिय भेलाले पनि यही काम गर्छ।"

पछिल्लो समय पार्टीले भोगेको निर्वाचन परिणाम असामान्य रहेको उल्लेख गर्दै महासचिव पोखरेलले त्यसका कारण पहिचान गरी प्रतिवेदन तयार पारेर छलफलसमेत गरिसकिएको जानकारी दिनुभयो। "पछिल्लो समय हामीले भोगेको परिणाम असामान्य थियो, त्यसको कारण खोजेर प्रतिवेदन बनाई छलफलसमेत गरेका छौं, यो भेला कुनै निर्णय गर्ने भेला होइन, भएका निर्णयलाई कार्यान्वयन गर्ने भेला हो," उहाँले स्पष्ट पार्नुभयो।

राष्ट्रिय भेलाले नयाँ निर्णयभन्दा पनि पार्टीभित्र भएका निर्णय कार्यान्वयन गर्दै संगठनलाई एकै लयमा अघि बढाउने उहाँको भनाइ थियो।

महासचिव पोखरेलले राष्ट्रिय भेलाको अर्को प्रमुख उद्देश्य स्थानीय तह निर्वाचनको तयारी गर्नु रहेको बताउनुभयो। स्थानीय तहलाई बलियो बनाउन एमालेले निरन्तर प्रयास गर्दै आएको उल्लेख गर्दै उहाँले पार्टीको स्थानीय तहप्रति विशेष लगाव रहेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "नेकपा (एमाले) को निरन्तर प्रयत्नका स्वरूप स्थानीय तह बलियो भएको छ, स्थानीय तहप्रति नेकपा (एमाले) को विशेष लगाव छ। यो राष्ट्रिय भेलाको मुख्य मक्सद स्थानीय तह निर्वाचनको तयारी पनि हो।"

गत फागुन २१ गते सम्पन्न निर्वाचन असामान्य परिस्थितिमा भएको उल्लेख गर्दै उहाँले जनताले दिएको जनादेशलाई एमालेले स्वीकार गरेको बताउनुभयो।

सरकारले राजनीतिक प्रतिशोधका आधारमा अघि बढ्न खोजेको आरोप लगाउँदै महासचिव पोखरेलले एमाले अध्यक्ष केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई बिना पर्याप्त तथ्य तथा प्रमाण पक्राउ गरी १३ दिनसम्म राखिएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "सरकार प्रतिशोधात्मक ढंगले अगाडि बढ्न खोज्यो, बिना तथ्य प्रमाण हाम्रा अध्यक्ष केपी शर्मा ओली र तत्कालीन गृहमन्त्रीलाई गिरफ्तार गरेर १३ दिनसम्म राख्यो र बिना अभियोजन छाड्यो।"

सिरहा घटनाको प्रसंग उठाउँदै उहाँले पक्राउको मापदण्ड समान हुनुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "त्यस्तै गिरफ्तार गर्ने हो भने त सिरहा घटनामा अहिलेका गृहमन्त्री र प्रधानमन्त्री पनि गिरफ्तार पर्नुपर्ने हो।"

नयाँ राजनीतिक शक्तिहरूले विद्यार्थी संगठन निर्माणमा रोक लगाउने तथा ट्रेड युनियन बन्द गर्ने काम गरेको महासचिव पोखरेलले बताउनुभयो। यो अलोकतान्त्रिक तरिका भएको उहाँको भनाइ छ।

इनम सापकोटाको नामसँग जोडिएको पछिल्लो प्रकरणबारे टिप्पणी गर्दै उहाँले त्यस विषयका थप तथ्य सार्वजनिक हुन बाँकी रहेको बताउनुभयो। "अहिले इनम सापकोटाका नाममा जुन पटाक्षेप भएको छ, त्यसको सबै कुरा बाहिर आउनै बाँकी छ। प्रधानमन्त्रीका नाममा उनले सबै क्षेत्रलाई आतंकित बनाउन खोजेको कुरा आइसकेको छ, प्रधानमन्त्रीका सल्लाहकारले उनको मोबाइल दुई दिनसम्म कब्जामा राखेको कुरा पनि आइसकेको छ, उनीमाथि भएको अनुसन्धान रहस्यमय छ," उहाँले भन्नुभयो।

प्रधानमन्त्रीको संसदीय तथा राजनीतिक भूमिकामाथि प्रश्न उठाउँदै महासचिव पोखरेलले संसद्, संसदीय दल र राजनीतिक दलहरूबीचको संवादमा प्रधानमन्त्रीको सहभागिता

बाँकी पृष्ठ ४ ▸▸

सप्तरीमा जङ्गली हात्तीको आक्रमणबाट एक जनाको मृत्यु

अपन दैनिक संवाददाता
सप्तरी, कार्तिक ३० गते



जङ्गली हात्तीको आक्रमणबाट ७० वर्षीय गोपी चौधरीको मृत्यु भएको छ।

सप्तरीको सुरूङ्गा नगरपालिका-४ का चौधरी बाखा खोज्न गोठतर्फ गइरहेको बेला हात्तीले आक्रमण गरेपछि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता हेमराज घिमिरेले जानकारी दिए।

उनले हात्तीको आक्रमणबाट घाइते भएका चौधरीको प्रादेशिक अस्पताल लाहानमा उपचारको क्रममा मृत्यु भएको जानकारी दिए।

चौधरी जङ्गल नजिक पुगेपछि हात्ती कराएपछि हात्ती जस्तै आवाज निकालेर कराएको चौधरीलाई हात्तीले लखेटेर आक्रमण गरेको स्थानीयको भनाइ छ।

हात्तीको आक्रमणबाट चौधरीको मृत्यु भएपछि स्थानीयवासी त्रसित छन्।

मधेश प्रदेशमा अब तीन दलको सरकार गठन .....

मुख्यमन्त्रीका निम्ति नेकपाले जसपालाई समर्थन गर्ने उनले स्पष्ट पारे।

मुख्यमन्त्री बन्ने व्यक्तिका विषयमा जसपा नेपालभित्र छलफल नभएको नेता जितेन्द्र सोनारले बताए। उनले सरकार गठन र मन्त्रीका विषयमा बोल्न चाहेनन्।

"सरकार र मन्त्रीका विषयमा म बोल्न चाहन्नँ। पार्टीमा यो विषय प्रवेश भएको छैन," उनले भने, "म पनि (जसपा नेपालको) दोस्रो तहको नेता हुँ। यस विषयमा अहिले म यसै केही भन्न सक्दिनँ।"

सोनार यसअघि मधेश प्रदेशसभामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको संसदीय दलका नेता थिए। लोसपा ०८२ पुस २७ गते जसपा नेपालमा समाहित भएको हो।

एमाले मधेश संसदीय दलका नेता सरोजकुमार यादवले यस विषयमा अनौपचारिक छलफल भएको बताए। औपचारिकताका निम्ति अझै छलफल आवश्यक रहेको उनले उल्लेख गरे। सोमबार (कार्तिक ३०) बस्ने तीन दलको बैठकबाट यस विषयमा निर्णय गरिने उनको भनाइ छ।

उनले भने, "धेरै चिजहरू अनौपचारिक र औपचारिक रूपले खण्डन भइरहेका छन्। अब आज (सोमवार) हामी बस्दै छौं। हाम्रो संवादपछि निष्कर्ष निस्किएला।"

जसपा नेपालका नेता मनिषकुमार सुमनले आफ्नै पार्टीले सरकारको नेतृत्व गर्ने बताए। "जसपाकै नेतृत्वमा सरकार बनाउने परिस्थिति देख्दै छु। जसपाले नेतृत्व लिएन भने सरकार बन्ने विषयमा अलमल हुन्छ," उनले भने, "सिट हाम्रै पार्टीको बढी रहेका कारण पनि हामी बाध्यात्मक अवस्थामा छौं।"

प्रदेशसभाको पहिलो कार्यकालमा जसपाकै लालबाबु राउतले ०७४ फागुन २ देखि ०७९ पुस २९ गतेसम्म मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। मधेश प्रदेश स्थापनापछि पहिलो कार्यकालको अधिकांश समय उनले नै सरकारको नेतृत्व गरेका थिए।

प्रदेशसभाको दोस्रो निर्वाचनपछि जसपा नेपालका सरोजकुमार यादव मुख्यमन्त्री बने। बारा क्षेत्र नम्बर-१ 'ख'बाट निर्वाचित यादव संसदीय दलका नेता समेत थिए। तर, उनले विश्वासको मत प्राप्त गर्न नसकेपछि पदमुक्त हुनुपरेको थियो।

पछिल्लो समय मधेशमा मुख्यमन्त्रीको जिम्मेवारी छोटो अवधिमै फेरिएको छ। जसपा नेपालका सरोजकुमारपछि जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री बनेका थिए। त्यसपछि तत्कालीन लोसपाका जितेन्द्र सोनार मुख्यमन्त्री बने। तर, विश्वासको मत लिने क्रममा बहुमत नपुग्ने देखेपछि एक महिनाभित्रै उनले राजीनामा दिएका थिए।

उनको राजीनामापछि एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बने। उनले पनि विश्वासको मत नपाउने अवस्था भएपछि राजीनामा दिए। त्यसपछि कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री बनेका थिए। उनले कार्तिक २८ गते राजीनामा दिएसँगै नयाँ सरकार गठनको प्रक्रिया अघि बढाइएको हो।

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका निम्ति कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। मधेशमा जसपा नेपालका २७, एमालेका २३ र नेकपाका १५ सांसद छन्। यी तीन दल एक ठाउँमा उभिएमा उनीहरूको कुल संख्या ६५ पुग्छ। यो संख्या सरकार गठनका निम्ति आवश्यक बहुमतभन्दा ११ ले बढी हो।

तर, दलहरूबीचको औपचारिक निर्णय, मुख्यमन्त्रीको उमेदवार चयन, मन्त्रालय बाँडफाँट र सरकारको साझा प्राथमिकताका विषयमा सहमति जुट्न बाँकी छ। प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेकाले सत्तासमीकरण फेरिने क्रमले निरन्तरता पाउँदै आएको छ।

प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्तिका निम्ति दाबी पेस गर्न आह्वान गरेका छन्। त्यसनिम्ति मंसिर ४ गते अपराह्न ४ बजेसम्मको समयसीमा तोकिएको छ।







धनुषामा एक युवक झुण्डिएको अवस्थामा मृत फेला, हत्या भएको परिवारको आशंका

अपन दैनिक संवाददाता
ढल्केवर, कार्तिक ३० गते



धनुषामा एक युवक घरपछाडिको फूलबारीमा झुण्डिएको अवस्थामा मृत फेला परेका छन् । मिथिला नगरपालिका-१, ढल्केवर बस्ने वैद्यनाथ महतोका २२ वर्षीय छोरा अमरेश कुमार महतो सोमबार बिहान मृत अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय, ढल्केवरका प्रहरी निरीक्षक उदय शम्शेर राणाले जानकारी दिए ।

सोमबार बिहान परिवारका सदस्य छठ घाटबाट घर फर्किंदासम्म अमरेश घर नआएपछि परिवारजनले उनको खोजी सुरु गरेका थिए । खोजी गर्ने क्रममा घरपछाडिकै फूलबारीमा उनी झुण्डिएको अवस्थामा देखेपछि परिवारले प्रहरीलाई खबर गरेको थियो ।

अमरेशलाई कसैले हत्या गरेर झुण्ड्याएको हुन सक्ने मृतकका परिवारले आशंका गरेका छन् । मृतकले लगाएको कपडामा माटो लागेको र झुण्डिन प्रयोग गरिएको डोरीसमेत घरको नभएको भन्दै परिवारले घटनालाई शंकास्पद मानेको हो । 'अमरेशले लगाएको कपडाभरि माटो लागेको छ । डोरी पनि हाम्रो घरको होइन,' मृतकका बुबा वैद्यनाथले भने, 'यो आत्महत्या होइन, हत्या हो ।'

परिवारले हत्या भएको आशंका व्यक्त गरेपछि प्रहरीले घटनालाई विभिन्न कोणबाट अनुसन्धान अघि बढाएको जनाएको छ । अनुसन्धानका क्रममा घटनास्थलमा प्रहरीको तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको थियो ।

मृतकको शव पोस्टमार्टमका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरी निरीक्षक राणाले जानकारी दिए ।

'घटनाबारे अहिले नै केही भन्न सकिने अवस्था छैन । पोस्टमार्टम रिपोर्ट आएपछि वास्तविक तथ्य खुल्न सक्छ,' उनले भने, 'घटनाको सूक्ष्म अनुसन्धान गरिरहेका छौं ।'

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

विकासका लागि साझा संवाद गरौं .....

छ', सभामुख अर्यालले भने, 'यस विषयमा आमजनताले आफ्ना प्रतिनिधिलाई घचघच्याइ रहनुपर्छ ।'

संसद्ले एक युगसम्म जनताले अपनत्व लिनसक्ने गरी कानुनको तर्जुमा र संविधान संशोधनका विषय पहिल्याउने र टुङ्ग्याउने काम गर्नपर्ने उनको धारणा छ ।

'कमसेकम अहिलेको हाम्रो पुस्ताको कामलाई हाम्रा नाति पुस्ताले बाजेहरुले ठीकै गर्न खोजेका रहेछन् भन्ने अनुभूति लिन सकुन्,' सभामुख अर्यालले भने, 'राम्रो परिणामका लागि फेरि पनि हामीबीच समुन्नत सहमति, सहकार्य र सहअस्तित्व हुनपर्छ ।'

वीरगञ्जमा छठ पर्व सकेर हुलाकी सडक हुँदै बर्दिवास आइपुगेका अर्याल यहाँको भेटघाट कार्यक्रमपछि काठमाडौं प्रस्थान गरे ।



मधेशमा बाक्लो हुस्सु, जनजीवन प्रभावित

अपन दैनिक संवाददाता
राजविराज, कार्तिक ३० गते



मधेश प्रदेशका विभिन्न जिल्लामा सोमबारदेखि बाक्लो हुस्सु लाग्न थालेको छ । मौसममा आएको परिवर्तनसँगै बिहानैदेखि हुस्सु र चिसो बढेपछि सर्वसाधारणको जनजीवन प्रभावित हुन थालेको छ ।

मंसिर महिना सुरु हुन एक दिन मात्रै बाँकी रहँदा मौसममा आएको परिवर्तनले तराई-मधेशमा चिसोको प्रभाव देखिन थालेको हो । बाक्लो हुस्सुका कारण बिहानको समयमा दृश्यता कमजोर बनेको छ भने सर्वसाधारणको दैनिक गतिविधिमा समेत असर परेको छ ।

हुस्सु र चिसोको प्रभाव छठ पर्वका अवसरमा समेत देखिएको छ । सप्तरीका केही क्षेत्रमा सूर्योदय नदेखिएपछि छठका व्रतालुहरूले उदाउँदो सूर्यलाई अर्घ्य दिन कठिनाइ भोग्नुपरेको थियो । चिसो पानीमा दुई घण्टाभन्दा बढी समय बिताउनुपर्दा व्रतालुहरूलाई थप असहज भएको थियो ।

यसैबीच, बाक्लो हुस्सुका कारण सप्तरीस्थित पूर्व-पश्चिम राजमार्गमा आवतजावत गर्ने सवारीसाधनसमेत प्रभावित भएका छन् । सडकमा दृश्यता कम हुँदा दुर्घटनाको जोखिम बढ्न सक्ने भन्दै जिल्ला ट्राफिक प्रहरीले सवारी चालकलाई सावधानीपूर्वक सवारी चलाउन आग्रह गरेको छ ।

ट्राफिक प्रहरीले हुस्सु लागेको समयमा सवारीसाधनको गति नियन्त्रणमा राख्न, सुरक्षित दूरी कायम गर्न तथा आवश्यकताअनुसार बत्तीको प्रयोग गर्न चालकहरूलाई सुझाव दिएको छ ।

मौसममा आएको परिवर्तनसँगै चिसो बढ्न थालेपछि विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा बिरामीले स्वास्थ्यमा ध्यान दिनुपर्ने देखिएको छ ।

मिथिलामा छठपछि 'सनेस' पठाउने .....

मात्र नभएर मुख्य चाडपर्वपछि आफन्तबीच भेटघाट गराउने अवसर पनि हो । यसमा आशीर्वाद र सम्बन्धको प्रगाढता जोडिएको हुन्छ", विष्णुपुर गाउँपालिका-रजोखैरका भोगेन्द्र कामतीले भने ।

उनका अनुसार सनेस पुऱ्याउने परम्पराले चाडपर्वको उल्लासलाई केही दिनसम्म निरन्तरता दिन्छ । आफन्तकहाँ सनेस पुग्न ढिलाइ हुँदा विशेषगरी छोरीचेली र मितमितिनीले आफूलाई बिर्सिएको हो कि भन्ने जिज्ञासासमेत राख्ने गर्छन् ।

तर, पछिल्लो समय रोजगारी, व्यवसाय र अन्य कामका कारण युवापुस्ता घरबाहिर रहने क्रम बढेसँगै यो परम्परा धान्न बूढापाकालाई कठिन हुँदै गएको छ ।

सिरहा नगरपालिका-१२ सारस्वरका मनोज मण्डलका अनुसार उनका दुवै छोरा कामका लागि बाहिर गइसकेका छन् । "दुवै छोरा कामका लागि बाहिर गए । अब सनेस लिएर आफैं जानुपर्ने भएको छ", उनले भने, "यस्तै अवस्था रहिरहे हाम्रो पुस्तापछि यो परम्परा हराउँदै जाने हो कि भन्ने चिन्ता लाग्छ ।"

मिथिलामा छठपछि करिब दुई सातासम्म ठकुवा र भुसुवा बनाउने तथा खाने चलन छ । घरायसी खाजादेखि आफन्तलाई पठाइने कोसेलीसम्म यी परिकारको विशेष महत्त्व रहन्छ । यस अवधिमा तिल, चिउरा, जुनेलो र मुरहीबाट बनाइने लाइसमेत तयार पारिन्छ ।

सनेस तयार पार्ने क्रममा छिमेकी जेठानी, देवरानी, बुहारी तथा नातेदार महिलाहरू एकअर्काको घरमा भेला भएर परिकार बनाउन सघाउने गर्छन् । ठकुवा बनाउन पिठो र सखरको खुँदोको मात्रा मिलाउनेदेखि भुसुवामा प्रयोग हुने मरमसलाको तालमेलसम्म सामूहिक सल्लाह र सहकार्य हुने गर्छ । यस क्रममा हुने हाँसोठट्टा र सुखदुःखका कुराकानीले गाउँघरमा आत्मीयताको वातावरणसमेत सिर्जना गर्छ ।

"पर्व सकिएकै दिन सानो छोराले छोरीको घरमा सनेस पुऱ्याएर आयो", मिर्चैया नगरपालिका-६ पिराडीकी अनु साहले भनिन्, "अब नन्द र मितको घरमा पुऱ्याउन बाँकी छ । त्यसैको तयारीमा लागेकी छु ।" उनका अनुसार छठमा बनाइएका परिकार परिवार, छिमेकी र आफन्तलाई खुवाउने तथा त्यसपछि पनि मङ्सिर १५ गतेसम्म घरमा खाजाका रूपमा खाने चलन छ ।

जाडो मौसम सुरु भएसँगै सखर, घिउ र गहुँको पिठोबाट बनाइएका परिकार खाने चलनलाई स्वास्थ्यसँग जोडेर हेर्ने मैथिल जनविश्वाससमेत छ । यस्ता परिकार खाँदा शरीर न्यानो हुने र चिसोबाट जोगिन मद्दत पुग्ने विश्वास गरिन्छ ।

"जाडो बढ्दै जाँदा ठकुवा र भुसुवा खाने चलन पुरानो हो । यसले शरीरलाई न्यानो राख्ने र काम गर्ने ऊर्जा दिने विश्वास छ", सिरहा नगरपालिका-१ का समाजसेवी शम्भु साहले भने ।

अहिले मिथिलाका अधिकांश घरमा आफ्नो आर्थिक अवस्था र सामर्थ्यअनुसार ठकुवा, भुसुवा तथा अन्य परम्परागत परिकार बनाउने क्रम जारी छ । छठपछिको सनेस परम्पराले एकातिर पारिवारिक सम्बन्ध र सामाजिक आत्मीयता कायम राख्न सहयोग गरेको छ भने अर्कोतिर मिथिलाको मौलिक खानपान, संस्कृति र परम्परालाई पुस्तान्तरण गर्दै आएको छ ।

तर, बदलिँदो जीवनशैली र युवापुस्ताको बढ्दो पलायनका कारण यस्ता मौलिक परम्परा निरन्तरता पाउने विषयमा भने चिन्ता बढ्न थालेको छ ।

एमालेको राष्ट्रिय भेलाको मुख्य उद्देश्य स्थानीय तह .....

आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रधानमन्त्री संसद्मा जानुहुन्न, संसदीय दलको नेता हुनुहुन्छ, दलको बैठकको अध्यक्षता गर्नुहुन्न, पार्टीको वरिष्ठ नेता हुनुहुन्छ, पार्टीको बैठकमा जानुहुन्न, राजनीतिक दलको बैठकमा बस्नुहुन्न ।"

नेपाल-भारत सीमा समस्याका विषयमा प्रधानमन्त्रीले व्यक्त गर्नुभएको धारणाप्रति असहमति जनाउँदै महासचिव पोखरेलले उक्त धारणा गलत रहेको टिप्पणी गर्नुभयो । "नेपाल र भारतको सीमा समस्याका बारेमा प्रधानमन्त्रीले राख्नुभएको धारणा गलत हो, उहाँको गलत भन्ने बानी त रहेनछ, तर व्यवहारबाट त्यसलाई सुधार्नुहुनेछ भन्ने आशा गरौं," उहाँले भन्नुभयो ।

प्रधानमन्त्रीको राजनीतिक कार्यशैली र संवाद प्रक्रियामाथि पनि प्रश्न उठाउँदै महासचिव पोखरेलले भन्नुभयो, "प्रधानमन्त्रीको नेचर नै लोकतान्त्रिक छैन, उहाँले के संवाद गर्नु ? आफ्नो पार्टीमा त संवाद गर्नुहुन्न, अरूसँग के संवाद गर्नु ?"

